अंक
१
२०७८
२०७७ चैत्र ८ - २०७८ असार १६

महान्यायाधिवक्ताको कार्यालयको ई-बुलेटिन

माननीय महान्यायाधिवक्ता श्री रमेश बडाल समक्ष महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै योजना तर्जुमा समितिका संयोजक वरिष्ठतम् नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय।

यस अंक भित्र

- माननीय महान्यायाधिवक्ता श्री रमेश वडालज्यूबाट पदबहाली
- कार्यालयका मुख्य गतिविधिहरु
- तेस्रो पञ्चर्षिय रणनितीक योजना तर्जुमा र सो सम्बन्धी गतिविधिहरु
- निर्देशन, सूचना र मार्गदर्शन

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना संक्षिप्तमा

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिदृष्य कानूनी शासनको सुनिश्चितता रहेको छ। यसैगरी परिलक्ष्य वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यावसायिक संस्थाको रूपमा स्थापित हुनु रहेको छ। यस योजनाले अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने, मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने, संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्ने, सरकारी वकील सेवालाई व्यावसायिक बनाउने, संस्थागत सुदृढीकरण गर्ने जस्ता पाँचवटा लक्ष्यहरु निर्धारण गरेको छ । सो लक्ष्य हासिल गर्न विभिन्न रणनीति र क्रियाकलापहरु राखिएको छ। रणनीति योजना कार्यान्वयनका लागि २०४ क्रियाकलापहरु समावेश गरिएका छन्। यसको कार्यान्वयनका लागि पाँच बर्षका लागि रु. ४ अर्ब १७ करोड १० लाख ९४ हजार बजेटको प्रक्षेपण गरिएको छ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक ।

माननीय महान्यायाधिवक्ता रमेश बडालले मिति २०७७ साल असार १६ गते महान्यायाधिवक्ताको कार्यालयले आयोजना गरेको कार्यक्रममा तेस्रो पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक गर्नुभएको छ । महान्यायाधिवक्ताको कार्यालयको योजनाबद्ध विकासको कार्यलाई निरन्तरता दिन मिति २०७८।०३।०३ गते बसेको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा निर्देशक समिति तथा मिति २०७८।०३।०४ गते बसेको महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको बैठकले महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व. २०७८/०७९-२०८२/०८३) पारित गरेको छ। यो योजना आगामी आर्थिक वर्ष अर्थात २०७८ श्रावण १ बाट २०८३ असारसम्मका लागि लागू हुने छ। फौजदारी न्याय प्रशासन सम्बन्धी कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन आ. व. २०६८।०६९ देखि २०७२।०७३ सम्मका लागि प्रथम पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा ल्याइएको थियो। प्रथम पञ्चवर्षीय रणनीतिक योजनाका ३८.७१ प्रतिशत क्रियाकलाप कार्यान्वयन भएको थियो। प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको अनुभव र सिकाइलाई ग्रहण गर्दै "संस्थागत सुदृढीकरण र व्यावसायिक विकासमा केन्द्रित" भई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको थियो। दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा गर्दै सो योजनाले प्रक्षेपण गरे वमोजिमका ६७ प्रतिशत लक्ष पुरा भएको छ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमाका क्रममा लिखित राय सुझाव संकलन, सूचना संकलन, नीति व्यवस्थापन समूहसँग छलफल, परामर्श कार्यक्रम, योजना विज्ञहरूसँगको बैठक तथा छलफल र राष्ट्रिय कार्यशालाबाट सुझाव संकलन गरिएको थियो। यसैगरी वार्षिक प्रतिवेदनहरूको अध्ययन, सरोकारवाला निकायका रणनीतिक योजनाको सर्वेक्षण, सम्मेलन र कार्यशालाबाट पारित प्रस्तावको सर्वेक्षण, अभियोजन नीति र मार्गदर्शनको अध्ययन, विभिन्न अध्ययन प्रतिवेदनहरूको सर्वेक्षण, राष्ट्रिय योजना र नेपाल सरकारका वार्षिक नीति तथा कार्यक्रमहरूको सर्वेक्षण, सर्वोच्च अदालतबाट जारी भएका आदेशको सर्वेक्षण जस्ता विधि र प्रकृया अवलम्बन गरिएको थियो।

यस योजना तयार गर्न माननीय महान्यायाधिवक्ताको अध्यक्षतामा १२ सदस्यीय निर्देशक समिति रहेको थियो। सो समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, सर्वोच्च अदालतका रजिष्ट्रार, नायब महान्यायाधिवक्ताहरु, अर्थ मन्त्रालयका सहसचिव, राष्ट्रिय योजना आयोगका सहसचिव, नेपाल प्रहरीका वरिष्ठ अधिकृत सदस्य रहनु भएको थियो। यसैगरी नायब महान्यायाधिवक्ताको संयोजकत्वमा ९ सदस्यीय योजना तर्जुमा समिति र उपन्यायाधिवक्ताको संयोजकत्वमा ९ सदस्यीय कार्य समूह गठन गरिएको थियो।

महान्यायाधिवक्ताको
कार्यालयको
बुलेटिन

२०७७ चैत्र ८ - २०७८ असार १६

प्रमुख संरक्षक
माननीय महान्यायाधिवक्ता
श्री रमेश वडाल

सल्लाहकारहरु
नायब महान्यायाधिवक्ता
श्री पद्मप्रसाद पाण्डेय
नायब महान्यायाधिवक्ता
श्री विश्वराज कोइराला
नायब महान्यायाधिवक्ता
डा. श्री टेकबहादुर घिमिरे
नायब महान्यायाधिवक्ता
श्री श्याम कुमार भट्टराई

सम्पादन
सहायक न्यायाधिवक्ता
श्री विष्णुप्रसाद पनेरु
सहायक न्यायाधिवक्ता
श्री शुभाष भट्टराई
सहायक न्यायाधिवक्ता
श्री प्रभात क्षेत्री

महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ,
काठमाडौं, नेपाल

प्रस्तुत बुलेटिन तयार गर्नका लागि महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्नुहुने सहन्यायाधिवक्ता श्री लोकराज पराजुली, उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी र सहायक न्यायाधिवक्ता श्री शिव वाग्लेप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

वुलेटिन प्रकाशनको प्रारम्भ सम्बन्धमा

महान्यायाधिवक्ता कार्यालयले सम्पादन गरेका विभिन्न क्रियाकलापहरु समेटेर ई-बुलेटिन प्रकाशन प्रारम्भ गरिएको छ। फौजदारी न्याय प्रशासनसँग प्रत्यक्ष सरोकार रहेको यस कार्यालयबाट भएका काम कारवाही पारदर्शी हुनु पर्दछ भन्ने हाम्रो मान्यता रहि आएको छ। यस कार्यालयको कामको अभिलेखलाई व्यवस्थित बनाई र विभिन्न निकाय माझ सम्प्रेषित गर्ने उद्देश्यले बुलेटिन प्रकाशन शुरु गरिएको छ । सरकारी वकीलहरुलाई आफ्नो संस्थाको गतिविधिका समवन्धमा जानकारी गराउन समेत बुलेटिन प्रकाशन अपरिहार्य भएको हो । सोही उद्देश्यलाई सम्बोधन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट यस वर्ष देखि चौमासिक रुपमा बुलेटिन प्रकाशन शुरु गरिएको छ । यस बुलेटिनमा २०७७ चैत्र ८ देखि असार १६ सम्मको गतिविधि समेटिएको छ । यसबाट अदालत, न्यायिक निकायहरु, विभिन्न सरकारी निकाय, नागरिक समाज, कर्मचारी, विद्यार्थी, सर्वसाधारण एवं फौजदारी न्याय प्रशासनसँग चासो राख्ने सबैलाई सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो बुलेटिन प्रकाशन कार्यमा प्रत्यक्ष संलग्न हुनु हुने सम्पादक मण्डलको सदस्य तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सवैलाई धन्यवाद दिँदै आगामी दिनमा यसको गुणस्तर र निरन्तरतामा हुनेछ भन्ने अपेक्षा गरेको छु ।

२०७८ असार

(रमेश वडाल)
महान्यायाधिवक्ता

माननीय महान्यायाधिवक्ताको संक्षिप्त परिचय

माननीय महान्यायाधिवक्ता श्री रमेश वडाल नेपालको वर्तमान र सत्ताइसौं महान्यायाधिवक्ता हुनुहुन्छ। उहाँले भारतको पुणे विश्वविद्यालयबाट श्रम कानून र श्रम कल्याण विषयमा स्नाकोत्तर गर्नु भएको छ। उहाँले अन्तर्राष्ट्रिय श्रम संगठनको अन्तर्राष्ट्रिय श्रमिक मापदण्ड र कार्यस्थलमा अधिकारबारे मूल सिद्धान्तको घोषणापत्र विषयमा इन्टरनेसनल ट्रेनिङ्ग सेन्टर अफ आई.एल.ओ, इटलिबाट डिप्लोमा गर्नु भएको छ।

उहाँसँग अधिवक्ताको रूपमा विगत २७ बर्षदेखि कानून व्यवसायीको रुपमा काम गरेको अनुभव छ । उहाँले साविकको पुनरावेदन अदालत बार एसोसिएशन, पाटन (हाल उच्च अदालत वार एसोसिएसन, पाटन) को अध्यक्ष र सचिवको रूपमा काम गर्नुभएको छ। उहाँले नेपाल बार एसोसियसनका विभिन्न समितिहरुमा पनि काम गर्नु भएको छ।

उहाँले श्रम कानूनको क्षेत्रमा विज्ञता हासिल गर्नु भएको छ। यसभन्दा पहिले उहाँले विभिन्न श्रम संगठनहरूको नेतृत्व गर्नु भएको थियो। उहाँले श्रम कानून र मापदण्डको मस्यौदामा महत्वपूर्ण भूमिका खेल्नु भएको थियो। उहाँको सामाजिक सुरक्षा कोष र सामाजिक सुरक्षा योजनाको स्थापनामा ठूलो भूमिका रहेको छ । उहाँले विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय फोरमहरूमा विशेषज्ञको रूपमा काम गर्नु भएको छ ।

माननीय महान्यायाधिवक्ता श्री रमेश वडालबाट पदबहाली

नवनियुक्त महान्यायाधिवक्ता माननीय रमेश बडाललाई ले मिति २०७७ साल चैत्र ८ गते महान्यायाधिवक्ताको कार्यालयमा पदबहाली गर्नुभयो। राष्ट्रपति कार्यालयमा आयोजित एक समारोहमा सम्माननीय प्रधान न्यायाधीश चोलेन्द्र शमसेर ज.ब.रा.ले उहाँलाई राष्ट्रपतिज्यूको समुपस्थितिमा पद तथा गोपनियताको शपथ गराउनु भएको थियो। उहाँलाई सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले मिति २०७७ साल चैत्र ६ गते नियुक्त गर्नु भएको थियो। महान्यायाधिवक्ताको कार्यालयमा नवनियुक्त महान्यायाधिवक्तालाई नायब महान्यायाधिवक्ताहरु तथा अन्य सरकारी वकीलहरु र कर्मचारीहरुले स्वागत गर्नुभयो। कार्यालयमा आयोजित स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै नवनियुक्त महान्यायाधिवक्ताले आकस्मिक रुपमा यो जिम्मेवारीमा आएको र कतै भर्याङ बनाउन यो पदमा नआएको बताउनु भयो। उहाँले अभियोजन र सरकारी मुद्दाको प्रतिरक्षा कार्यको जिम्मेवारीमा रहँदा संविधान र कानूनको पालना गर्दै इमान्दारी र निष्ठापूर्बक कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सरकारी वकीलको व्यावसायिकता विकास, संस्थागत सुदृढीकरण र प्रतिनिधित्वलाई प्रभावकारी बनाउने कुरामा समेत जोड दिनुभयो। अपराध अनुसन्धान र अभियोजनमा अबान्छित हस्तक्षेप हुन नदिने, सरोकारवालासँग समन्वय विस्तार गर्ने र महान्यायाधिवक्ताको कार्यालयको तेश्रो पञ्चबर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने बताउनु भयो। उहाँले कार्यसम्पादनमा सबैको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गर्नुभयो। समारोहमा निवर्तमान महान्यायाधिवक्ता अग्नि प्रसाद खरेललाई महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकील समाजका तर्फबाट बिदाई गरिएको थियो। यसैगरी उक्त समारोहमा उच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुनुभएका नायब महान्यायाधिवक्ता नारायण प्रसाद पौडेललाई पनि बिदाई तथा नँया जिम्मेबारीका लागि शुभकामना व्यक्त गरियो । कार्यक्रममा सरकारी वकील समाजका सचिव सहन्यायाधिवक्ता संजीवराज रेग्मीले सरकारी वकील समाजका तर्फबाट र बरिष्ठतम् नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेले कार्यालयका तर्फबाट नवनियुक्त महान्यायाधिवक्तालाई स्वागत गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्नुभयो । सो अवसरमा निवर्तमान महान्यायाधिवक्ता अग्नि प्रसाद खरेल तथा उच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुनुभएका नायव महान्यायाधिवक्ता नारायण प्रसाद पौडेलले मन्तव्य राख्नुभएको थियो

मुख्य न्यायाधिवक्तासँगको राष्ट्रिय कार्याशाला सम्पन्न

मुख्य न्यायाधिवक्ताको काम, कारवाही एवम् महान्यायाधिवक्ताको कार्यालयसँगको अन्तरसम्बन्ध विषयक तेस्रो राष्ट्रिय कार्यशाला मिति २०७७।१२।२७ मा काठमाडौंमा सम्पन्न भएको छ ।

माननीय महान्यायाधिवक्ता रमेश वडालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता वरिष्ठतम् नायब महान्यायाधिवक्ता पद्मप्रसाद पाण्डेयले गर्नु भएको थियो । नायब महान्यायाधिवक्ता विश्वराज कोइरालाले कार्यशालाको उद्देश्य माथि प्रकाश पार्दै अतिथिहरुलाई स्वागत गर्नुभएको थियो ।

कार्यशालामा मुख्य न्यायाधिवक्ताको कार्यसम्पादनको अवस्था विषयमा प्रदेश नं. १ का मुख्य न्यायाधिवक्ता चुडामणि आचार्य र महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमाका विषयमा सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

प्रस्तुत कार्यपत्र उपर तथा मुख्य न्यायाधिवक्ताको कार्यालयको कार्यसम्पादनका सम्वन्धमा मुख्य न्यायाधिवक्ताहरु दिपेन्द्र झा, ओमप्रसाद थपलीया, डा. राजेन्द्र घिमिरे, ठाकुर प्रसाद डि.सी. र मातृका खनालले आफ्नो विचार राख्नु भएको थियो ।

उक्त कार्यशालामा महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताहरु, सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरु सहन्यायाधिवक्ताहरु, उपन्यायाधिवक्ता तथा अन्य सरकारी वकील एवम् कर्मचारीहरु समेत ४० जनाको उपस्थिति रहेको थियो। सो कार्यक्रमको सञ्चालन सहन्यायाधिवक्ता लोकराज पराजुलीले गर्नु भएको थियो।

नवनियुक्त सरकारी वकीलहरूको प्रशिक्षण कार्यक्रम सम्पन्न ।

महान्यायाधिवक्ताको कार्यालय, अभियोजन प्रशिक्षण केन्द्रद्वारा २०७७ चैत्र १७ गतेदेखि चैत्र २३ गतेसम्म महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंमा आयोजित राजपत्रांकित द्वितीय श्रेणीका नवनियुक्त सरकारी वकीलहरूको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । उक्त प्रशिक्षण कार्यक्रमको उद्घघाटन २०७७ चैत्र १७ गते माननीय महान्यायाधिवक्ता रमेश वडालले गर्नु भएको थियो ।

उद्घघाटन समारोहलाई सम्बोधन गर्दै माननीय महान्यायाधिवक्ताले प्रशिक्षणले सहभागीहरूको ज्ञानमा वृद्धि र क्षमतामा विकास गरी पदीय जिम्मेवारी वहन गर्न सघाउ पुग्ने बताउँदै सरकारी वकीलले कसूरदारले कसूर गरेको मात्रा अनुसार ठीक अभियोजन गर्नुपर्नेमा जोड दिनुभयो। प्रशिक्षण कार्यक्रमको समापन गर्दै महान्यायाधिवक्ताको कार्यालयका वरिष्ठतम् नायब महान्यायाधिवक्ता पद्मप्रसाद पाण्डेयले प्रशिक्षण कार्यक्रममा गरिएको छलफल र सिकाइबाट जानेका कुराहरू सरकारी वकीलको काममा प्रयोग गरी सुधार भएको देखिनुपर्नेमा जोड दिनुभयो। सरकारी वकीलले सिकेको बुझेको कुरामा थप अध्ययन गरेमा प्रशिक्षण कार्यक्रमको सार्थकता हुनेतर्फ ध्यानाकर्षण समेत गराउनु भएको थियो।

बाल न्याय सम्बन्धी तीन दिवसीय प्रशिक्षण कार्यक्रम

महान्यायाधिवक्ताको कार्यालय, अभियोजन प्रशिक्षण केन्द्रद्वारा २०७७ चैत्र २४ गतेदेखि चैत्र २६ गतेसम्म महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंमा आयोजित बाल न्याय सम्बन्धी तीन दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। उक्त प्रशिक्षण कार्यक्रमको उद्घघाटन २०७७ चैत्र २४ गते माननीय महान्यायाधिवक्ता रमेश वडालले गर्नुभएको थियो। माननीय महान्यायाधिवक्ताले उद्घघाटन समारोहलाई सम्बोधन गर्दै बालबालिका सम्बन्धी मुद्दाको गोपनियता कायम गर्दै अनुसन्धान र अभियोजनमा संवेदनशीलता अपनाई बालमैत्री वातावरण सिर्जना गर्नुपर्ने कार्यहरूका बारेमा सहभागीहरूको तालिमले क्षमतामा विकास गरी पदिय जिम्मेवारी वहन गर्न सघाउ पुऱ्याउने बताउनुभयो। अनुसन्धान अधिकृत र सरकारी वकीलबीच हुने समन्वय र सहकार्यले मात्र सरकारवादी मुद्दाको सही र प्रभावकारी अनुसन्धान र अभियोजन हुनेमा जोड दिनुभएको थियो। दुई समूहमा विभाजन गरी सञ्चालन गरिएको उक्त प्रशिक्षण कार्यक्रममा राजपत्रांकित द्वितीय श्रेणीमा २७ जना सरकारी वकीलहरू र प्रहरी निरीक्षक र प्रहरी नायव निरीक्षक ३० जना गरी ५७ जनाको सहभागीता रहेको थियो।

मिति २०७७ साल चैत्र २२ गते काठमाण्डौं उपत्यकास्थित सरकारी वकील कार्यालयहरुको मुद्दा तथा जनशक्ति व्यवस्थापनको स्थिति, सरोकारवाला निकायसँगको समन्वयन, दैनिक कार्यसम्पादनमा आइपरेका समस्या समेतका विषयमा माननीय महान्यायाधिवक्ताको समुपस्थितिमा अभियोजन छलफल कार्यक्रम।

मिति २०७८ साल वैशाख ९ गते माननीय महान्यायाधिवक्ताको समुस्पथितिमा सरकारी वकीलहरु र सरोकारवाला निकायका प्रतिनिधिहरुबीच अभियोजन नीति तथा मार्गदर्शन, २०७७ सम्बन्धी छलफल कार्यक्रमको आयोजना भएको थियो। सो कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका सचिवहरु, नायब महान्यायाधिवक्ताहरु, उच्च अदालतका मुख्य न्यायाधिशहरु, न्यायाधिशहरु, प्रहरी अतिरिक्ता महानिरीक्ष, जिल्ला अदालतका न्यायाधिशहरु तथा विभिन्न सरकारी निकायहरुका प्रतिनिधिहरुको उपस्थिति थियो।

मिति २०७७ साल चैत्र २३ गते माननीय महान्यायाधिवक्ताको समुस्पथितिमा विधि विज्ञान विशेषज्ञ र सरकारी वकीलहरुबीच भएको छलफल कार्यक्रम।

मिति २०७७ साल चैत्र २२ गते माननीय महान्यायाधिवक्ताको समुस्पथितिमा सरकारी वकीलहरु, नेपाल वार एसोसिएशन र सर्वोच्च वार एसोसिएशनका पदाधिकारिहरुबीच अभियोजन नीति तथा मार्गदर्शन, २०७७ सम्बन्धी भएको छलफल कार्यक्रम।

अनुसन्धान समिति गठन ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८ साल वैशाख १३ गते तथा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७ साल चैत्र १८ गतेको निर्णय अनुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८९ बमोजिमको महान्यायाधिवक्ताको कार्यालयको प्रशासन हेर्ने नायब महान्यायाधिवक्ताको अध्यक्षतामा अनुसन्धान समिति गठन भएको छ । यस सम्बन्धी सूचना निम्न लिंकमा हेर्न सकिने छ : https://ag.gov.np/oag-post/2374 ।

अनलाइनमार्फत बाल न्याय सम्बन्धी प्रशिक्षण कार्यक्रमहरु सम्पन्न भएका ।

मिति २०७८।०२।१३ देखि १८ गते

यस कार्यक्रममा प्रदेश नं १, २ र वाग्मती प्रदेश अन्तरगतका राजपत्रांकित तृतीय श्रेणीका ५ जना सरकारी वकीलहरु, प्रदेश नं १, २ र वाग्मती प्रदेश (उपत्यका बाहेक) अन्तर्गतका जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलमा कार्यरत २७ जना प्रहरी निरीक्षकहरु र विराटनगर वीरगंज मकवानपुर र भक्तपुरका बाल सुधार गृहका ४ जना प्रशासकीय प्रमुखहरु गरी ३६ जना सहभागीहरु थिए ।

प्रशिक्षणमा समेटिएका विषयहरु:

बाल न्यायको अवधारणा, कानूनी व्यवस्था, अनुसन्धान तथा अभियोजन, न्यायिक प्रक्रिया, दिशान्तरण, पीडितको हक, न्यायिक सिद्धान्तहरु र कार्यान्वयनको अवस्था, बाल सुधार गृह तथा निगरानी कक्ष, प्यानल छलफल समेत

मिति २०७८।०२।१९ देखि २४ गते

यस कार्यक्रममा लुम्बिनी प्रदेश, गण्डकी कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश अन्तर्गतका राजपत्रांकित तृतीय श्रेणीका ५ जना सरकारी वकीलहरु, गण्डकी प्रदेश लुम्बिनी प्रदेश कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश अन्तर्गतका जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलमा कार्यरत २७ जना प्रहरी निरीक्षकहरु र रुपन्देही, कास्की, बाँके र डोटीका बाल सुधार गृहका ४ जना प्रशासकीय प्रमुखहरु गरी ३६ जना सहभागीहरु थिए ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक, अभियोजन जर्नल समेत विमोचन र भवन उद्घाटन ।

मिति २०७८ साल असार १६ गते माननीय महान्यायाधिवक्ता रमेश वडालज्यूले अनलाइनमार्फत तेस्रो पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक, अभियोजन जर्नल समेतका प्रकाशनहरुको विमोचन र भवन उद्घाटन गर्नुभएको छ ।

माननीय महान्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व.२०७८/०७९-२०८२/०८३) सार्वजनिक गर्नुभएको छ।

माननीय महान्यायाधिवक्ताले भ्रष्टाचार निवारण कानून सम्बन्धी कार्यपत्रको संगालो (भाग १), संगठित अपराध निवारण कानून सम्बन्धी कार्यपत्रको संगालो (भाग १), सेवा कानून सम्बन्धी कार्यपत्रको संगालो (भाग १), मौलिक हक सम्बन्धी स्रोत सामग्री, अभियोजन जर्नल, नजीर संग्रह र संवैधानिक विवादमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु शर्षकका प्रकाशनहरु विमोचन गर्नु भएको छ।

माननीय महान्यायाधिवक्ताबाट विद्युतीय माध्यमबाट जिल्ला सरकारी वकील कार्यालय कालिकोटको नवनिर्मित भवनको समुद्घाटन भएको छ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको राष्ट्रिय कार्यशाला र परामर्श कार्यक्रमहरु



क्र.स.	मिति	परामर्श कार्यक्रमका लक्षित सहभागीहरु	सहभागीहरु को संख्या
१.	२०७८।१।२३	उच्च सरकारी वकील कार्यालयहरुः इलाम, विराटनगर, धनकुटा, ओखलढुङ्गा र अन्तर्गत जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीहरु	३३
२.	२०७८।१।२४	उच्च सरकारी वकील कार्यालयहरुः तुल्सीपुर, बुटवल, नेपालगञ्ज र अन्तर्गत जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीहरु	३०
३.	२०७८।१।२६	उच्च सरकारी वकील कार्यालयहरुः पोखरा, बाग्लुङ, जनकपुर, राजविराज, वीरगञ्ज र अन्तर्गत जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीहरु	५१
४.	२०७८।१।२७	उच्च सरकारी वकील कार्यालयहरुः सुर्खेत, जुम्ला, महेन्द्रनगर, दिपायल र अन्तर्गत जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीहरु	२८
५.	२०७८।१।२८	माननीय महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ताहरु, तर्जुमा समिति तथा कार्य समूहका सदस्यहरु, विशेष सरकारी वकील कार्यालय काठमाडौं, उच्च सरकारी वकील कार्यालयहरुः हेटौंडा, पाटन र अन्तर्गत जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीहरु	४४
६.	२०७८।१।३०	महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरु	३१
७.	२०७८।१।३१	अन्य निकायमा कार्यरत सरकारी वकील तथा कर्मचारीहरु	१४
८.	२०७८।२।२	सरकार वादी मुद्दाको अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकृत र ती निकायका उच्च पदस्थ अधिकृतहरु, विधिविज्ञान प्रयोगशालाहरूका अधिकारीहरू	२३
९.	२०७८।२।३	नेपाल बार एशोशिएसन तथा सर्वोच्च वार एशोशिएशन लगायत उपत्यकाका विभिन्न वार एशोशियसनका पदाधिकारीहरु तथा वरिष्ठ अधिवक्ताहरु	२५
१०.	२०७८।२।४	न्याय र कानूनको क्षेत्रमा कार्यरत संचारकर्मीहरु	११
११.	२०७८।२।५	सर्वोच्च अदालत लगायत न्यायालयका उच्च पदस्थ अधिकारीहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालयका प्रतिनिधिहरू	७
१२.	२०७८।२।६	पूर्व महान्यायाधिवक्ता एवम् पूर्व नायब महान्यायाधिवक्ताहरु	१३

पूर्व महान्यायाधिवक्ताहरु परामर्श कार्यक्रममा सहभागी हुनुहुदै ।

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको राष्ट्रिय कार्यशाला

योजना तर्जुमा समितिले तयार पारेको योजनाको मस्यौदा उपर सरोकारवालासँग मिति २०७८।२।२८ मा विद्युतीय माध्यमवाट राष्ट्रिय कार्यशाला आयोजना गरिएको थियो। सो कार्यशालामा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल वार एसोशियसनका अध्यक्ष, सर्वोच्च अदालत वार एसोशियसनका अध्यक्ष, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक, मेडिको लिगल विज्ञ हरिहर वस्ती, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका प्रतिनिधि समेतले महत्वपूर्ण पृष्ठपोषण दिनु भएको थियो । प्राप्त भएका पृष्ठपोषण र सुझाव समेतलाई समावेश गरी महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनालाई अन्तिम रूप दिइएको थियो।



निर्देशन, सूचना र मार्गदर्शन

महत्वपूर्ण निर्देशनहरु	लिंक
माननीय महान्यायाधिवक्ताको अध्यक्षतामा मिति २०७७।१२।२६ मा बसेको व्यवस्थापन समितिको बैठकबाट नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन थप सजायको दाबी लिने सम्बन्धमा, मिलापत्र सम्बन्धा, चेक अनादर सम्बन्धी, बैंकिङ्ग कसूर मुद्दामा मिलापत्र सम्बन्धमा, पीडितले गरेको पुनरावेदन/निवेदनमा बहस पैरवी प्रतिरक्षा नगर्ने सम्बन्धमा, क्षतिपूर्ति शुल्क (कम्पेनसेसन लेभी) सम्बन्धी, वयस्क महिलाले नाबालकलाई यौन दुरुपयोग गरे गराएमा मुद्दा दायर गर्ने सम्बन्धी, जरिवाना दामासाहीले हुने गरी भएका फैसला उपर पुनरावेदन नगर्ने बारे, कसूरको अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाही गर्दा नयाँ शब्दावलीको प्रयोग गर्ने समेतको निर्देशनहरु जारी भएको छ ।	https://ag.gov.np/oag-post/2361

महान्यायाधिवक्ताको अधिकार प्रत्यायोजन सम्बन्धी नेपाल राजपत्रमा मिति २०७८।०१।१३ गते प्रकाशित राजपत्रको सूचना	लिंक
यस राजपत्रको सूचनाले साविकका विभिन्न सूचना खारेज गरी सरकारी वकीलहरुको काम, कर्तव्य सम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरण समेत गरी समयानुकूल बनाउन निम्न नयाँ व्यवस्थाहरु गरेको छः • आत्महत्या एवं प्रतिवादी नहुने मुद्दा, वारदालबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका मुद्दा र प्रतिवादी खुलेको भएपनि निजको मृत्यू भई सकेको मुद्दामा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले अन्तिम निकासा दिने । • विशेष सरकारी वकील कार्यालयमा कार्यरत सहायक न्यायाधिवक्ताहरुले पनि विभिन्न मुद्दाहरुमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न सक्ने । • प्रचलित कानूनबमोजिम जिल्ला न्यायाधिवक्ताको प्रयोग गर्ने काम, कर्तव्य र अधिकार जिल्ला सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ता खटिएको अवस्थामा सहन्यायाधिवक्ता वा निजले तोकेको जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने । • विशेष सरकारी वकील कार्यालयमा कार्यरत सहायक न्यायाधिवक्ताहरुले पनि विभिन्न मुद्दाहरुमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्न सक्ने । • राजश्व चुहावट (अनुसन्धआन तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम मुद्दा दायर हुने उच्च अदालतको भौगोलिक क्षेत्राधिकारभित्र पर्ने उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने निर्णय गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने । • खास किसिमका सानातिना कसूरमा मुद्दा दायर नगर्ने निर्णय गर्न सम्बन्धित जिल्ला सरकारी वकीललाई स्वीकृती प्रदान गर्ने । • मुद्दा नचलाइएको प्रतिवादीको हकमा सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने । • सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मिलापत्र गराउन सक्ने अधिकार सम्बन्धित नायब महान्यायाधिवक्ताले प्रयोग गर्ने ।	https://ag.gov.np/oag-post/2359

महान्यायाधिवक्ताको अधिकार प्रत्यायोजन सम्बन्धी नेपाल राजपत्रमा मिति २०७८।०१।१९ गते प्रकाशित राजपत्रको सूचना
माननीय महान्यायाधिवक्ताले आफुमा निहीत अधिकार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा मुद्दा चलाउने वा नचलाउने अन्तिम निकासा दिने अधिकार नायब महान्यायाधिवक्ताले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गर्नु भएको छ । ***[नोटः यो सूचनाको लिंकः http://rajpatra.dop.gov.np/welcome/book/?ref=24594]***

मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७८ जारी
मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन, सरुवा गर्दा समन्वयन, कानून व्यवसायीबाट प्रतिनिधित्व र वार्षिक प्रतिवेदन सम्वन्धी विषयमा मिति २०७८/०१/१९ गते मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७८ जारी भएको छ । ***[नोटः यो सूचनाको लिंकः http://rajpatra.dop.gov.np/welcome/book/?ref=24594]***